**DRAFT**



# नरम सीप

## शिक्षण र सिकाई

*“व्यक्तिगत विकास, सामाजिक सहभागिता र कार्यस्थलमा सफलताका लागि आवश्यक अन्तर वैयक्तिक सामाजिक, व्यवहारिक सीपहरु”*


TSSP
The TEVT Soft Skills Project



Ministry of Education
The TEVT Soft Skills Project
Singha Durbar, Kathmandu, Nepal
phone +977-01-4200416 email: tssp@tsspnp.org



FORMIN.FINLAND.FI
Hifab

**DRAFT**

# नरम सिप

नरम सिप परियोजना

यस परियोजनाको उद्देश्य सामान्य धारको शिक्षाको गुणस्तर र उपयुक्तता बढाउन विद्यालय शिक्षामा नरम सीपलाई समाहित गर्नु र विद्यार्थीहरुको रोजगारी अवसरहरु र श्रम बजारको आवश्यकता पूर्तिमा सहयोग पुऱ्याउने हो ।

यसको लक्ष्य विद्यालय शिक्षा पूरा गर्ने विदयार्थिहरुका लागि रोजगारीको विषयवस्तु सम्बन्धी सहजिकरण गर्न कक्षा ९-१०मा शिक्षण गर्ने शिक्षकहरुका लागि सक्षमतामा आधारित नरम सीप केन्द्रिकित पाठ्यक्रमको तालिम सामाग्री तयार गर्न सहयोग पुर्‍याउने हो ।

# अनुसूची

परिचय १

नरम सीप / प्राविधिक सीप २

नरम सीप समूहहरु ३

नरम सीप र जीवनोपयोगी सीपहरु ४

पाठ्यक्रममा समाहित गरिएका नरम सीप ५

नरम सीप संरचना ६

नरम सीप सिकाइ ८

सक्षमतामा आधारित नरम सीपका सिद्धान्तहरु १०

विषयगत तहमा नरम सीपका क्रियाकलापहरु समायोजन गर्ने उपाय तथा उदाहरणहरु १२

नेपाली १२

अंग्रेजी १३

सामाजिक शिक्षा १४

स्वास्थ्य, जनसंख्या र वातावरण १५

विज्ञान १६

**DRAFT**

# परिचय

रोजगार संस्थाहरु शैक्षिक संस्थाहरुबाट उत्पादन भएका विद्यार्थीहरुमा नरम सीपहरुको कमी भएको गुनासो गर्छन् । जीवनमा सफलताका लागि अब साक्षर हुनु र गणित जस्ता साधारण प्राविधिक सीपहरुमा मात्र निपुण हुनु पर्याप्त छैन । सामान्यतया यसको संगसंगै सञ्चार सीपहरु, विभिन्न स्थितिमा गरिने समूहमा कार्य सम्पदान गर्न सक्ने सीपहरु, काम गर्ने लचकता जस्ता अन्तर वैयक्तिक सीपहरु पनि आवश्यक हुन्छन् । यस्ता सीपहरुलाई प्राविधिक सीपहरुबाट छुट्याउन हामी यी सीपहरुलाई नरम सीप भन्छौ । यो समस्या नेपालमा मात्रै सीमित नरहेर विश्वका अरु औद्योगिक राष्ट्रहरुमा पनि अवस्थित छ ।

नरम सीप के हुन् त भन्ने प्रश्नको उत्तर सन्दर्भ अनुसारले फरक हुन्छ । कार्यस्थल तथा समाजमा सफलताका लागि आवश्यक सीपहरु, ज्ञान र सक्षमताको पहिचान तथा सूची तयार गर्न शिक्षा तथा रोजगार क्षेत्रमा थुप्रै अन्तर्राष्ट्रिय कार्यहरु भएका छन् ।

माध्यमिक तहको पाठ्यक्रम परिमार्जन गर्न पाठ्यक्रम विकास केन्द्र ६ वटा सामान्य धारका अनिवार्य विषयहरुसंग मेलखाने नरम सीपको कार्यगत परिभाषामा सहमत भइसकेका छन् । नरम सीपको परिभाषालाई आधार बनाएर, माध्यामिक तहपछि विद्यार्थिहरुलाई रोजगारीको लागि राम्रो तयार गर्न कक्षा ९ र १० मा नरम सीप तथा सक्षमताहरुको सुची  पनि पहिचान गरिएका छन् ।

नरम सीपको सहमति भएको परिभाषा यस प्रकार छ :

***"व्यक्तिगत विकास, सामाजिक सहभागिता तथा कार्यस्थलमा सफलता प्राप्तिका लागि आवश्यक अन्तर वैयक्तिक, सामाजिक, व्यवहारिक सीप नै नरम सीपहरु हुन् ।"***

# नरम सीप / प्राविधिक सीप (soft skills/hard skills)

नरम सीपको सामान्य परिभाषाले नरम सीप के के हुन् र यो प्राविधिक सीप भन्दा कसरी फरक छ भन्ने प्रश्न अझै उत्पन्न गर्न सक्छ ।

नरम सीपहरु विषयगत सक्षमतागत सीपहरु भन्दा भिन्न हुन्छन् र यो सबै विषयहरुमा उपयुक्त हुन्छ । यी सीपहरुलाई छुटै पाठमा सिकाइँदैन । यी सीपहरुलाई विषयगत प्राविधिक सीपहरुबाट भिन्न गरेर बुझ्नु जरुरी छ ।

विद्यालयहरुले भविष्यमा गरिने रोजगारमा राम्रो प्रदर्शन गर्नका लागि आवश्यक तथा बहुमुल्य सीपहरु जस्तै पढ्ने, लेख्ने, विज्ञान, गणित तथा अरु प्राविधिक सीपहरु राम्ररी सिकाउने गर्छन् । यी सीपहरु देख्न, संख्यामा वर्णन गर्न र मापन गर्न सहजै सकिन्छ ।

यसको ठिक विपरित नरम सीपहरु भने देख्न, संख्यात्मक रुपमा वर्णन गर्न र मापन गर्न गाह्रो हुन्छ । नरम सीपहरु शिक्षामा आवश्यक भए जस्तै दैनिक जीवनमा र भविष्यमा गरिने रोजगारमा पनि उत्तिकै आवश्यक हुन्छ । राम्रो नरम सीपयुक्त विद्यार्थि आफ्नो कार्यहरुको राम्रो प्रदर्शन गर्न सक्षम हुन्छन् किनभने तिनिहरुमा कार्यगत समूहमा घुलमिल हुने र आफ्नो व्यक्तिगत कर्तव्य राम्ररी संचालन गर्ने र अन्तर वयक्तिक सीपहरु हुन्छन् ।

विभिन्न  सीपहरुको अभ्यास नगरी, नजाने सम्म र यसको  विभिन्न context मा यसको उपयोग गर्न नजानेसम्म सक्षमताको विकास हुन सक्दैन । तसर्थ विद्यार्थिहरुलाई उनीहरुको तहगत र कक्षा अनुरुप नरम सीपहरुको अभ्यास गराउनु शिक्षाको कर्तव्य हो ।

*"बालबालिकाहरुले उनीहरुको बोलि, दृष्टि र हातहरुको सहयोगले प्रयोगात्मक अभ्यासहरुको समाधान गर्छन् ।" (भिगोत्स्की, १९६२)*

DRAFT

# नरम सीप समूहहरु

नरम सीपलाई कक्षा ९ र १० को पाठ्यक्रममा समावेश समाहित गर्न यसको संरचनालाई ४ मुख्य समूहहरुमा विभाजन गरिएको छ ।
१) सहकार्य सीप २) व्यक्तिगत सीप ३) सोच्ने सीप ४) प्रवर्तन तथा व्यवसायिक सीप




चित्र १: चार नरम सीप समूहहरु र तिनका मुख्य नरम सीपहरु

हरेक नरम सीप समूह ३-४ मुख्य नरम सीपहरुमा विभाजन गरिएका छन् जुन नरम सीपका तत्वहरुसंग आवद्ध रहेका छन् । यी नरम सीप तत्वहरु सिकाइ परिणामसंग जोडिएका हुन्छन् । यी तत्वहरु अझ यी सीपहरुको वर्णन गरि विद्यार्थिहरुमा विकास हुने सीपहरुको बारेमा प्रस्ट्याउन सहयोग गर्छ । यसको सिकाइका परिणामहरु धेरै जसो व्यवहारिक तहमा मापन गरिन्छ जसले विद्यार्थिहरुमा नरम सीप निहित रहेको कुराको पुष्टि गर्न सहयोग पुर्याउँछ ।

DRAFT

# नरम सीप र जीवनोपयोगी सीपहरु

मानिसहहरु जीवनोपयोगी सीपहरु सम्बन्धी धेरै परिचित छन् जसले गर्दा शिक्षक तथा अभिभावकहरुले नरम सीप, जीवनोपयोगी सीपबाट कसरी भिन्न छ भन्ने प्रश्न उठाउन सक्छन् । नरम सीपहरुको विकास गर्ने कार्य निम्न माध्यामिक शैक्षिक तह देखि नै शुरु भएको हुन्छ र यसमा कुनै शंका छैन कि नरम सीप र जीवनोपयोगी सीपमा थुप्रै कुराहरुमा समानता छन् ।

नरम सीप र जीवनोपयोगी सीप बीच अन्तर वैयक्तिक सीपहरु र सोचाई सीपहरु समान छन् । सामान्यतया जीवनोपयोगी सीपहरुको तह सामान्य हुन्छन् र यसको केन्द्र पनि भिन्न हुन्छ । जीवनोपयोगी सीपहरु पारिवारिक तथा सामुदायिक सम्बन्धहरु प्रति धेरै केन्द्रिकित हुन्छन् र यसले सामाजिक र स्वास्थ्य प्रति धेरै जोड दिएको हुन्छ । तर नरम सीपको कुरा गर्नु पर्दा यसको शिक्षण समाज र रोजगारसंग सम्बन्धित हुन्छ र यस्तो पेशा विकासलाइ जोड दिनुका साथै यसमा प्रवर्तन कार्य र व्यवसायिक सीपहरु समाहित भएका हुन्छन् ।




चित्र २: जीवनोपयोगी सीप र नरम सीपका वीच भएका समानता

**DRAFT**

# पाठ्यक्रममा समाहित गरिएका नरम सीप

नरम सीप विभिन्न तहहरुमा देहाय बमोजिम समाहित गरिएका छन् ।

| नरम सीपका ४ समूहहरु | अन्तर्राष्ट्रिय स्तर |
|---|---|
| १४ मुख्य नरम सीपहरु | र्राष्ट्रिय स्तर |
| ३२ नरम सीप तत्वहरु | कक्षा ९ - १० तह |
| १३४ सिकाई परिणामहरु | विषयगत कक्षा तह |

पाठ्यक्रममा नरम सीपको समायोजनले विद्यार्थिहरुको सक्रिय सहभागिताका लागि वर्तमान अभ्यासलाई सुधार गर्ने तथा सीप विकास र तिनको संभावना प्रति ध्यानाकर्षण गरेको छ ।

नरम सीपको समायोजनले विद्यार्थीहरु माफ विभिन्न सिकाईका अनुभवहरु र परिणमहरु प्रस्तुत गर्छ जसले उनीहरुमा वर्तमान र भविष्यमा सिकाईमा अवसरहरु, सामाजिक अन्तरक्रिया, जानकारी आदान प्रदान गर्ने तथा संचार क्षमता र समूहमा मिलेर काम गर्ने क्षमतामा सुधार ल्याउने छ ।

विद्यार्थीहरुले नरम सीप पाठ्यक्रमको विभिन्न क्षेत्रमा समायोजन गरिएको पाउनेछन् । हरेक विषय, छोटो पाठ, अभ्यासका एकाईहरु विकास गर्दा नरम सीपलाई तिनको सिकाइ परिणमहरुमा समाहित गरिनेछन् । यी सिकाई परिणमहरुले वर्तमान सिकाई र परिक्षाहरुमा मूल्याङ्कनको लागि आधार तयार गर्ने छ ।

" कुनै पनि व्यक्तिलाई जुनसुकै उमेरमा कुनै पनि विषय कुनै रुपमा रोचक र इमान्दार तरिकाको प्रयोग गरेर सिकाउन सकिन्छ ।" (वर्नर, १९७२)

**DRAFT**

# नरम सीप संरचना

नरम सीपका समुह, मुख्य नरम सीप, र तिनका तत्वहरुको विभाजन देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १

| नरम सीप समूह | नरम सीपहरु | नरम सीप तत्वहरु |
|---|---|---|
| **सहकार्य सीप** | **अन्तर वैयक्तिक सीप** | विभिन्न उद्देश्य र सन्दर्भमा अरुसंग मिलेर काम गर्न |
| | | सामुहिक उद्देश्य, मूल्यांकन र उपलब्धीको पहिचान गर्न |
| | | जिम्मेवारी पहिचान र समूहमा जिम्मेवारीको बाँडफाँड गर्न । |
| | | समूहमा राम्रो सम्बन्ध स्थापना गर्न । |
| | | समूहको प्रगतिको लेखाजोखा गर्न, समूहकामको समीक्षा गर्न, र आफूबाट सहयोग भयो भनी व्यक्तिगत प्रतिबिम्बन गर्न । |
| | **अन्तरसांस्कृतिक सीप** | व्यक्ति व्यक्ति वीच भएको भिन्नतालाई स्वीकार गर्न, र द्वन्द समाधान गर्न |
| | **सांस्कृतिक सीप तथा नैतिकता** | जातिगत, रंगभेदी र सास्कृतिक अन्तर विश्वव्यापी मुद्दाहरु |
| | | प्रजातान्त्रिक समाज निर्माणका लागि बौद्धिक क्षमताको बिकास गर्न |
| **व्यक्तिगत सीपहरु** | **जिम्मेवारी र प्रतिबद्धताको बिकास** | व्यक्तिगत गुणहरुको बिकास गर्ने |
| | **आत्म—सम्मान** | आफुलाई आत्म विश्वासका साथ काममा लगाउने |
| | **समग्रता एवं इमान्दारीता** | नरम सीपहरु आत्मालोचना गर्ने, स्वयं—मूल्याङ्कन गर्ने, अरुले दिएको प्रिष्ठपोषण स्विकार गर्ने |
| | **स्वयं—व्यवस्थापन सीप** | आफुले तय गरेका उद्देश्य, योजना र क्रियाकलाप मूल्याङ्कन गरी उद्देश्य पुरा गर्ने |
| **सोचाई सीप** | **जानकारी व्यवस्थापन सीप** | विविध श्रोतबाट जानकारी प्राप्त गर्ने |
| | | उद्देश्यसित मिल्दो र भरपर्दो श्रोत — सामग्री छान्ने |
| | | उद्देश्य सारांश एवं संकेत सहित जानकारीको अभिलेख राख्ने |
| | | प्रविधिलाई प्रयोग गरि जानकारीलाई प्रस्तुत गर्ने |

| नरम सीप समूह | नरम सीपहरु | नरम सीप तत्वहरु |
|---|---|---|
| | **सिकाई सीप** | सिकाईका लागि निरन्तर प्रयत्नशिल रहने |
| | | आफ्नो सिकाइको व्यवस्था आफै गर्ने |
| | **सृजनात्मक चिन्तन सीप** | जानकारीको संरचना, सम्बन्ध र क्रमलाई परीक्षण गर्ने |
| | | बहासलाई विश्लेषणात्मक, रोचक र चुनौतीपूर्ण बनाउने |
| | | परिकल्पना, पना वा अनुमान गर्ने र निष्कर्ष निकाल्ने |
| | | निर्णय लिदा, समस्या विश्लेषण गर्दा, समस्याका कारण पत्ता लगाउदा, समस्याका विकल्पको खोजि गर्दा, विकल्पको मूल्याङ्कन र परिणाम पहिचान गर्दा चाहिने सीप |
| | | जोखिम लिन सक्ने र श्रृजनशील हुँदै नयाँ विचार र समस्या समाधानको सोचाई राख्न सक्ने |
| **नवप्रवर्तन तथा व्यवसायिक सीपहरु** | **नवप्रवर्दन सीपहरु** | सृजनात्मक सोचाइ राख्ने |
| | | अरुसंग सृजनात्मक ढंगले काम गर्ने |
| | | अन्वेषणको कार्यान्वयन गर्ने |
| | **आधारभूत विद्युतीय सञ्चार सीप** | आफू बस्ने घर, काम गर्ने संरचना तथा काम गर्ने ठाउँमा आधारभूत प्राविधिक सञ्चार माध्यमको प्रयोग गर्ने |
| | **सृजनात्मक सोचाइ र समस्या समाधान** | प्रभावकारी तर्क गर्ने |
| | | पद्धतिको चिन्तनलाइ प्रयोग गर्ने |
| | | निर्णय लिन ठीक बेठीक छुट्टाउने |
| | | समस्या समाधान गर्ने |
| | **विविध संचार र सहयोग** | स्पष्टसंग सञ्चार गर्ने |
| | | अरुसंगको सहकार्य गर्ने |

**DRAFT**

# नरम सीप सिकाइ

नेपालले शिक्षण सिकाइ विधिलाई शिक्षाको सबै तहमा विद्यार्थी केन्द्रित सिकाई तर्फ सुधार गर्न थुप्रै प्रयासहरु गरेको छ । यो प्रयास नरम सीपलाई प्राविधिक सीपहरु सिकाउने प्रक्रियामा समायोजन गर्ने संग पनि सम्बन्धित छ किनभने यसको परिणाम शिक्षकको शिक्षण विधिमा प्रतिविम्बित हुन्छ । धेरै भन्दा धेरै समूह कार्य, विद्यार्थी स्वयंलाई प्रस्तुतिकरणको अवसर, सहभागितात्मक विधिहरुको प्रयोगको परिणाम स्वरुप विद्यार्थीले नरम सीप प्रयोगको अभ्यास गर्ने छन् ।

अनुकरण, नाटक, खेल आदि जस्ता अभ्यासहरु विषयगत ज्ञान, भाषाको प्रवर्द्धन र अन्ततः नरम सीपको बुझाइ र विकासका लागि महत्वपूर्ण हुन्छन् ।

अर्को शब्दमा भन्नु पर्दाः प्राविधिक सीप सिक्ने उद्देश्यले विद्यार्थिहरुले कुनै पनि पाठमा सक्रियतापूर्वक सहभागिता हुन्छ भने यसै क्रममा उसले जानी नजानी थुप्रै नरम सीपहरुको पनि अभ्यास गरिरहेको हुन्छ । यसको सकरात्मक पक्ष भनेको यसले पाठहरुलाई अझै रोचक र आकर्षक बनाउंछ जसले विद्यार्थीहरुको सफलताको दरलाई पनि बढाउंछ ।

नरम सीपलाई अर्को तरिकाबाट पनि विभिन्न विषयका प्राविधिक सीपका अभ्यासहरुमा समायोजन गर्न सकिन्छ - कुनै पनि पाठको उद्देश्यलाई प्राविधिक सीप अथवा अनुसूचीलाई पाठको अन्तिम परिणाम बनाउनुको साटो नरम सीप सिकाउने साधन बनाउन सकिन्छ । यसका लागि शिक्षकले पाठको योजना बनाउन सक्छन् जसमा उनले पहिले कुनकुन नरम सीपलाई केन्द्रित गर्ने हो त्यसको पहिचान गरी त्यसपछि विषयगत पाठलाई सो उद्देश्य पूर्तिका निम्ति कसरी प्रयोग गर्ने हो त्यसको तयारी गर्नु पर्छ । यो मुख्यतया शिक्षकहरुले कुनै मूल विषयवस्तुमा केन्द्रित भएर कार्य गर्ने इच्छा हुंदा, कुनै कार्य योजना वा पाठ्यक्रमको कार्ययोजना बनाउन सहयोगी हुन सक्छन् ।

उदाहरणका लागि “विस्कुट कारखाना” । विद्यार्थी विभिन्न खालका विस्कुट अथवा अरु खानेकुराका परिकारहरु बनाएर विद्यालयको मेला अथवा कुनै पसलमा बेच्न सक्छन् । यस अभ्यासमा थुप्रै विषय वस्तुलाई समेट्न सकिन्छ जस्तै विज्ञापन, पोस्टरहरु (भाषा), मूल्य अनुमान र विक्रि(गणित), स्वास्थ्य र पोषण( स्वास्थ्य, जनसंख्या र वातावरण शिक्षा ) र विज्ञान तथा सामाजिक शिक्षासंग सम्बन्धित विषयवस्तुहरु पनि समाहित गर्न सकिन्छ ।

नरम सीप अथवा प्राविधिक सीप मध्ये जुनसुकै विषयवस्तुको केन्द्रविन्दु भएपनि कुनै पनि विषयको शिक्षण सिकाइ विधिमा प्रयोगात्मक तरिका/अभ्यासको प्रयोगले स्वत पाठको प्रभाव र आकर्षण दुबैमा बृद्धि गराउँदछ ।

*"कुनै पनि बालबालिकाले आज जुन कार्य सहकार्यमा गर्छ सक्छन्, भोलि उसले सो कार्य आफू एक्लैले गर्न सक्षम हुन्छ" (भिगोत्स्की, १९६२)*

जब शिक्षकहरु कुनै पनि समस्याको समाधानका लागि कक्षाकोठामा विद्यार्थीसंग मिलेर कार्य गर्छन्, विद्यार्थीहरुले समूहमा कार्य गर्दा सम्झौता र वार्ताले कसरी काम गर्छ भन्ने कुरा पनि सिक्दछन् । यस्तै अर्को तिर शिक्षकहरुले विद्यार्थीलाई समस्या समाधानका लागि समूहमा सहकार्य गर्ने मार्गदर्शन दिइ व्यक्तिगत अन्तरहरुलाई स्वीकार गर्ने, सम्झौता र द्वन्द्व निराकरण जस्ता नरम सीपहरुको प्रस्तुतिकरण गर्न सक्छन् र साथै शिक्षक आफै पनि एक उदाहरणको रुपमा प्रस्तुत हुन सक्छन् ।



**DRAFT**

# सक्षमतामा आधारित नरम सीपका सिद्धान्तहरु

सक्षमतामा आधारित नरम सीप समाहित पाठहरु तयार गर्न तपाईले प्रयोगात्मक सिकाईको प्रयोग गर्नु आवश्यक छ । नरम सीपका प्रयोगात्मक सिकाईहरुका लागि यँहाहरुले ४ सामान्य सिद्धान्तहरु अपनाउनु पर्छ ।

सर्वप्रथम तपाईले सकारात्मक सिकाइ वातावरणको आधार निर्माण गर्नु आवश्यक छ ।
यसको स्थापना पछि तपाईले तपाईको शिक्षणको लागि योजना तयार यस्तो रुपमा तयार गर्नुपर्छ जसले तपाईको शिक्षण विद्यार्थी केन्द्रित, उपयुक्त र रोजगारी केन्द्रित होस् । ४ सामान्य सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् ।

१) सिकाई वातावरण

सकारात्मक, भयरहित, प्रोत्साहन गर्ने खालको सहयोगी सिकाई वातावरण आवश्यक हुन्छ । सिकाईको वातावरण शिक्षकको सकारात्मक आचरण र कक्षाकोठाको संरचनासंग सम्बन्धित हुन्छ । विद्यार्थीहरुको प्रोत्साहनका लागि मानसिक र भौतिक दुवै वातावरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकको आचरण त्यस्तो हुनुपर्छ जसले विद्यार्थीहरुलाई कुनै पनि दण्डको भयबाट मुक्त भई आफ्ना विचारहरु प्रस्तुत गर्न सहयोग पुगोस् । मैत्रीपूर्ण वातावरण नभएको खण्डमा विद्यार्थीहरुले कम सिक्छन् । कक्षाकोठाको वातावरण रमणीय बनाउन विभिन्न पोस्टरहरु, तालिका, विद्यार्थीहरुको कार्यहरुले सज्ज गर्न सकिन्छ । यस्तै विभिन्न अभ्यास तथा क्रियाकलापहरुको दौरान विद्यार्थीहरुलाई चल्न मिल्ने ठाउँ पुग्नुपर्छ ।

२) विद्यार्थी केन्द्रित

पाठहरुलाई विद्यार्थी केन्द्रित बनाउन विभिन्न सिकाइ विधिहरु अपनाउन सकिन्छ जस्तै विद्यार्थीहरुको ज्ञान र अनुभवहरु समावेश गरी उनीहरुको सहभागिता बढाएर परामपरागत शिक्षक केन्द्रित शिक्षणको सट्टा अब शिक्षकहरुले बोलि सष्लेषनात्मक सोचाइमा केन्द्रित गरी अन्तरक्रियात्मक शिक्षण सिकाइ विधिहरुको प्रयोग गर्नुपर्छ तथा विद्यार्थीहरुलाई विभिन्न जानकारीहरु प्राप्त गर्न र समस्या समाधानका लागि मार्गदर्शन प्रदान गर्नुपर्छ । यस प्रकारले विद्यार्थीहरुले स्वतः नै नरम सीपको अभ्यास र विकास गर्नेछन् ।

३) उपयुक्तता

सिकाइका उदेश्यहरु विद्यार्थीहरुका सिकाइ आवश्यकतासंग जोडिएका छन् र साथै विषयगत पाठ्यक्रममा पनि समाहित गरिएको छ । जीवनको वास्तविक स्थितिसंग मेल खाने उदाहरणहरुको पहिचान गरी ती उदाहरणहरुको प्रयोग र अभ्यासले विद्यार्थीहरुमा उत्तम बुझाइ र वर्णन प्रदान गर्छ ।

४) रोजगारी उन्मुख

विद्यालय शिक्षण सिकाई विद्यार्थीको भावी शिक्षा, रोजगारीको आवश्यकता, अवसरहरु र रुचीसंग सम्बन्धित हुन्छ । हरेक विषयको सम्बन्ध विभिन्न प्रकारका कार्य, व्यवसाय, रोजगारी वा भावी शिक्षासंग जोडिएको हुन्छ । व्यवसायिक विषयहरु सिधै मूल कार्य क्षेत्रसंग सम्बन्धित हुन्छन् तर त्यस्तै अरु सामान्य धारका अनिवार्य विषयहरु पनि रोजगारीको फराकिलो क्षेत्रमा प्रवेशको लागि उत्तिकै आवश्यक/महत्वपूर्ण छ । त्यसैले यी सम्बन्धहरुको ज्ञान विद्यार्थीहरुलाई प्रस्ट्याउन शिक्षकहरुले वास्तविक जीवनसंग मेल खाने क्रियाकलापहरुको निर्माण गर्नु जरुरी हुन्छ ।

यस्तै ६ अनिवार्य विषयहरुमा प्रयोग गर्न सकिने सामान्य प्राविधिक सीपहरु र तिनमा समाहित नरम सीपका प्रयोगात्मक अभ्यास क्रियाकलापहरु प्रयोगको उपायको संकलनहरु तलको भागमा दिइएका छन् । यीनले नरम सीपका पाठका सिद्धान्तहरु अनुसरण गर्छन् ।

# विषयगत तहमा नरम सीपका क्रियाकलापहरु समायोजन गर्ने उपाय तथा उदाहरणहरु

# नेपाली

---

विज्ञापन लेख्ने कला/शैली :
विद्यार्थीहरुले छोटो र छरितो वक्तव्य तथा समाग्री बेच्न प्रयोग गर्न सकिने विज्ञापन लेखन अभ्यास गर्नेछन् । उनीहरुले विज्ञापनको पोस्टर, रेडियो नाटक र टी.भी विज्ञापन तयार गर्नु पर्ने हुन्छ ।

***नेपाली संस्कृति***
विद्यार्थीहरुले कथा वचन गर्नेछन् :लेखन र प्रस्तुतिकरण / स्थानीय कथाहरु र किम्बद्धन्तिहरुको आदान प्रदान
विद्यार्थीका समूहहरुले आफ्नो परिवारका सदस्यहरुसंग परिवार/समुदायमा प्रचलित/सुनाइने स्थानीय परम्परा, कथा वा किम्बद्धन्तिहरु सोध्ने छन् र तीनलाई आफ्नो कक्षामा प्रस्तुत गर्ने छन् ।

***बोर्डको खेल***
विद्यार्थीहरुले आफ्नो विषयमा रहेको तथ्य र विषय वस्तुहरुको पहिचान गर्नेछन् । बोर्ड खेलको लागि छानिने विषय/शीर्षक पाठ्यपुस्तकको कुनै पनि विषय वस्तु प्रयोग गर्न सकिन्छ । समूहले प्रश्नहरु सिर्जना गरी त्यसको उत्तरहरु विभिन्न कागजपत्रमा खेलको लागि लेख्नेछन् ।
बोर्डको खेलको लागि शुरु देखि अन्त्यसम्म तहगत रुपमा खेल सिर्जना गर्नु पर्छ । हरेक सहि उत्तरका लागि एक तह अगाडि बढ्ने मौका दिइन्छ र त्यस्तै हरेक गलत उत्तरका लागि एक तह घटाइन्छ । जो अन्तिम तहसम्म पुग्छ, उ नै विजयी हुन्छ ।

# अङ्ग्रेजी

---

***जागिरको आवेदन***

विद्यार्थीहरु अङ्ग्रेजीमा लेख्ने र बोल्ने अभ्यास गर्नेछन् । समूह मिलेर विद्यालयमा चाहिने विभिन्न पद जस्तै : शिक्षक, संरक्षक, चमेनागृहका आधिकारीहरुका लागि रोजगारीको विज्ञापन तयार गर्नेछन् । उनीहरुले ती रोजगारीका लागि आवश्यक नरम तथा प्राविधिक सीपहरुको सूची बनाउनु पर्छ । यस क्रममा जागिरको अन्तरवार्ताको नाटक पनि आयोजना सकिन्छ ।

***रोजगारी सम्बन्धि नाटक***

विद्यार्थीहरुले बोलेर वास्तविक जीवनमा झै अभिनय गर्नेछन् ।

विद्यार्थीहरुले विभिन्न रोजगारीको स्थितिहरुको नाटक गर्नेछन् :

- सामान विक्रेता र ग्राहक
- वेटर र क्याफेको ग्राहक
- बैक अधिकारी र ऋण लिने व्यक्ति
- प्रहरी र पीडित
- डाक्टर र बिरामी आदी ।

***पर्यटकका लागि सुचना पुस्तक बनाउने***

विद्यार्थीहरुले अङ्ग्रेजीमा लेख्ने र बोल्ने अभ्यास गर्नेछन् । समूहहरुले भ्रमण गर्न रमणीय ( सांस्कृतिक , ऐतिहासिक, प्राकृतिक ) स्थल खोजेर, पहिचान  गर्ने र स्थानीय समुदायको बाटोबाट भ्रमण गर्न पर्यटकहरुका लागि हिड्ने बाटोमा चिन्ह बनाउने र सो सम्बन्धि कागजपत्र पनि बनाउने ।

DRAFT

# सामाजिक शिक्षा

---

**सामाजिक समस्या र समाधान**

विद्यार्थीहरुले आफ्नो स्थानीय समुदायको मुख्य सामाजिक समस्याहरु बारेमा आफ्नो परिवार र स्थानीय समुदायको अन्तरवार्ता लिनेछन् । विभिन्न समूहहरुले एउटै समस्यामा (जस्तै लागु पदार्थ, शरणार्थी, भष्टाचार आदि) काम गर्नेछन् र समाधानको लागि विभिन्न सुझावहरु प्रस्तुत गर्नेछन् । यी सामाजिक समस्याहरु सम्बन्धि प्रश्नका उत्तरहरु र समाधानका लागि तपाईले यी सामाजिक समस्याको विरुद्ध लड्ने / कार्यरत स्थानीय संस्था/ गैर सरकारी संस्थाहरुका प्रतिनिधिलाई यी आमन्त्रित गर्न सक्नुहुन्छ ।

**नागरिक चेतना— निर्वाचन**

विद्यार्थीहरुले कक्षाको अध्यक्ष, सभापति, प्रवक्ता आदि समावेश गरिएको कक्षा तालिका तयार गर्नेछन् । कक्षाले निर्वाचनको आयोजना गर्नुका साथै निर्वाचन अभियान पनि संचालन गर्ने छ । अध्यक्षले कक्षामा गरिएका निर्णयहरुको सहजिकरण गर्नेछन्, त्यस्तै सभापतिले अभिलेख राख्नेछन् भने प्रवक्ताले शिक्षक / विद्यार्थी व्यवस्थापन समिति /अभिभावकहरुसंग संचार गर्नेछन् ।

**मानव अधिकार सिद्धान्तहरु :**

विद्यार्थीहरुले सामान्य मानव अधिकारहरुका बारेमा जानेका हुनेछन् र समूहमा मिलेर विद्यार्थीहरुको अधिकारका सिद्धान्तहरु बारे प्रस्ताव तयार गर्नेछन् ।

**विकासोन्मुख राष्ट्रहरु**

विद्यार्थीहरुले विकासोन्मुख राष्ट्रहरु र विकसित राष्ट्रहरु वा अन्य विषयवस्तुका सम्बन्धमा आफ्ना बिचारहरु प्रस्तुत गर्नेछन् । शिक्षकले ४ प्रश्नहरु वा तर्कहरु प्रस्तुत गर्नेछन् र कक्षाको ४ कुनाहरुलाई यस अनुरुप बाड्ने छन् । त्यसपछि विद्यार्थीहरुलाई जुन तर्क सबै भन्दा ठीक लाग्छ उनी त्यसै तर्कको समर्थन गरी त्यस तर्कको कुना / समूहमा संलग्न हुनेछन् । त्यसपछि शिक्षकले केही विद्यार्थीहरुलाई यस तर्कमा किन सहमत भएको प्रश्न गर्नेछन् । तर छलफलको क्रममा अर्को कुनै तर्क चित्त बुझ्दो लागे विद्यार्थीहरु समूह परिवर्तन गर्न सक्नेछन् ।

**प्रश्न/तर्कका उदाहरणहरुः**

१) "विकसित राष्ट्रहरुले विकासोन्मुख राष्ट्रहरुसंग व्यापार गरेर उनीहरुलाई सहयोग पुर्याउंछन् ।"

२) "विकासोन्मुख राष्ट्रहरुका जनशक्ति प्रभावकारी नभएकाले यी राष्ट्रहरु गरीब छन् ।"

३) "विकासोन्मुख राष्ट्रहरुका सम्पदाहरुको शोषण गरेर विकसित राष्ट्रहरु धनी भएका हुन् ।"

४) "विकासोन्मुख राष्ट्रहरुसंग लिएको महंगो ऋण तिर्न नसकेका कारणले विकासोन्मुख राष्ट्रहरु अझै गरीब भएका हुन् ।"

# DRAFT

# स्वास्थ्य, जनसंख्या वातावरण

---

**पर्यटन र जैविक विविधता :**

विद्यार्थीहरुले पर्यटकहरुलाई आकर्षित गर्न आफ्नो स्थानीय वातावरणको सुरक्षा र सम्बर्धन कसरी गर्नु पर्छ भन्ने जान्ने छन् । समूहले पर्यटकहरुलाई मनपर्ने प्राकृतिक सुन्दरता/सम्पदा जस्तै वनस्पति, जंगली जीवन र चराचुरुङ्गीको जीवनहरुका बारेमा पत्ता लगाउने र सुची बनाउनेछन् । समूहले जैविक विविधता कसरी खतरामा पर्न गएको र यसको सम्बर्धन कसरी गर्न सकिन्छ भन्ने कुरा पत्ता लगाउनेछन् । विद्यार्थीहरुले आफ्नो विद्यालय नजिक रहेको वातावरणीय स्थलमा भ्रमण गर्न सक्छन् जँहा विभिन्न चिन्ह र तिनको वर्णन गरिएको हुन्छ ।

**रोगहरु**

विद्यार्थीहरुले विद्यालयमा हुने साधारण रोगहरुका बारेमा पत्ता लगाउनेछन् र साथै यी विभिन्न समूहहरु मिलेर विद्यालय वातावरण सर्वेक्षण गरी रोगहरुको जोखिम क्षेत्रहरु र प्रदूषण स्थलको पत्ता लगाउने छन् । विद्यार्थीहरुले यी रोगहरु फैलिन नदिन एउटा विद्यालय योजनामा सहमति जनाइ त्यसलाई विद्यालय व्यवस्थापन समक्ष प्रस्तुत गर्नेछन् ।

**जनसंख्या बृद्धि दर**

विद्यार्थीहरुले आफ्नो परिवारको संख्या गणना गरेर त्यसलाई राष्ट्रिय तथ्याङ्कसंग तुलना गर्नेछन् । यस पिढीमा कति जन्मिए, पुराना पिढीमा कति जन्मिए ? यी सबै प्रश्नको खोज गरेर समूहले अब आउने पिढीमा कति जन्मने छन् भन्ने आकलन गर्नेछन् । कक्षामा त्यस्तै विद्यार्थीहरुले कक्षामा तयार गरेका बृद्धि दर वा मृत्यु दरको तुलना राष्ट्रिय तथ्याङ्कसंग गर्नेछन् ।

# विज्ञान

**दैनिक जीवनमा प्रयोग गरिने समाग्रीहरु :** साबुन तयार गर्ने र बेच्ने
विद्यार्थीहरुले साबुन बनाउन के के रसायनहरुको प्रयोग हुन्छ भन्ने जान्ने छन् । समूहले विभिन्न रंग र सुगन्ध भएको विभिन्न प्रकारको साबुन बनाएर बेच्नेछन् ।

**रसायनिक प्रदूषण र समाधान :**
विभिन्न प्रकारका सामाग्रीहरु - विद्यार्थीहरुले दैनिक जीवनमा प्रयोग हुने विभिन्न प्रकारका सामाग्रीहरु रीसाइकल (recycle) र वर्गीकरण गर्नेछन् ।
विद्यार्थीहरुको समूहले सुख्खा फोहोर जस्तै प्लास्टीक, कार्डबोर्ड, कागज, धातु, क्यान, बोतल आदि संकलन गर्नेछन् । यी सामग्रीहरु रीसाइकल (recycle) कसले गर्छ र किन्छ भनि पत्ता लगाइ त्यो कम्पनीलाई ती सामानहरु बेच्नेछन् ।

**रक्तसञ्चार क्रिया**
विद्यार्थीहरुले रक्तसञ्चार क्रिया सम्बन्धि विभिन्न प्रयोगात्मक अभ्यास गर्नेछन् ।

- विद्यार्थीहरुले दुइ जनाको समूहमा एक अर्काको मुटुको धड्कन सुन्नेछन् ।
- समूहले शारिरिक व्यायाम अघि र पछिको मुटुको धड्कन र सास फर्ने दर मापन गर्नेछन् । आएको परिणाम लेख्ने र कक्षाको परिणाम तालिका तयार गरि औसत निकाल्ने
- बोकाको मुटु निरीक्षण गर्ने ।
- स्थानिय स्वास्थ्य केन्द्रबाट नर्स अथवा स्वास्थ्य कार्यकर्तालाई आमन्त्रण गरी रक्त चाप जाँच गराइ स्थानीय रोगहरुको बारेमा जानकारी दिन लगाउने ।
- विद्यार्थीहरुले आफ्नो पाखुराको माथिल्लो भागमा थिचि शिराहरु देख्न सक्ने बनाउन सक्ने छन् र कुनै एउटा हातमा बहिरेखा पनि कोर्न सक्नेछन् ।
- समूहले पाठ्यपुस्तकमा भएका विषयवस्तु जस्तै रगत के हो ? रगत हाम्रो शरिरमा कसरी संचार गरिन्छ ? मुटुले कसरी काम गर्छ आदि विषय वस्तुका बारेमा प्रस्तुति तयार गर्न सक्छन् ।

TSSP

The TEVT Soft Skills Project